# खजुरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खजुरा, बाँके
लुम्बिनी प्रदेश, नेपाल

### करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सार्वजनिक सूचना
प्रथम पटक प्रकाशित मिति २०७७।९।७

यस खजुरा गाउँपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अन्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन गरि भूमि सम्बन्धी समस्या समाधानका लागि देहायको सेवा समुहको पदहरू सेवा करारमा लिई पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरूबाट यो सूचना प्रकासित भएको मितिले १५(पन्ध्र) दिन भित्र रितपूर्वक फाराम भरी यस खजुरा गाउँपालिकाको कार्यालयमा दरखास्त पेश गर्न हुन गाउँ कार्यपालिकाको मिति २०७७।०९।३ गते बसेको निर्णय अनुसार अनुरोध छ ।

**तपसिल**

| सि.नं. | विज्ञापन नं. | पद | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०७।०७७।०७८ | सर्भेक्षक | २(दुई) | |
| २. | ०८।०७७।०७८ | अमिन | ४(चार) | |
| ३. | ०९।०७७।०७८ | तथ्यांक संकलक | ८(आठ) | |
| ४. | १०।०७७।०७८ | सामाजिक परिचालक | २(दुई) | |
| ५. | ११।०७७।०७८ | कार्यालय सहयोगी | १(एक) | |

१) न्यूनतम योग्यताः

क) इञ्जि.सेवा, सर्भे, सर्भेक्षक पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा तीन वर्षे प्रवीणता प्रमाणपत्र सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा एक वर्षको जुनियर नापी तालिम प्राप्त गरेको ।

ख) इञ्जि. सेवा, सर्भे समूह, अमिन पदको लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिइ एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तीमा १ (एक) वर्षको तालिम प्राप्त गरेको ।

ग) तथ्यांक संकलक पदका लागि : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.एल.सि./एस.ई.ई वा सो सरह उत्तीर्ण गरी तथ्यांक संकलक सम्बन्धी काम गरेको कम्प्युटरमा बेसिक तालिम प्राप्त गरेको ।

घ) सामाजिक परिचालक पदका लागिः नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.एल.सी./ एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको ।

ङ) कार्यालय सहयोगी पदका लागिः कम्तीमा १० कक्षा उत्तिर्ण गरि दुई चक्के सवारी साधन चलाउन जान्ने ।

२) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

३) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।

४) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

५) दरखास्त साथ पेश गर्नु पर्ने प्रतिलिपिः शैक्षिक प्रमाण पत्र, नागरिकताको प्रमाण पत्र, कार्य अनुभवको प्रमाणपत्र, अन्य आवश्यक कागजातहरू ।

६) दरखास्त दस्तुरः सर्भेक्षकका लागि रू.८००(आठ सय), अमिन पदका लागि रू. ५००।- तथ्यांक संकलक लागि रू.५००।- , सामाजिक परिचालक पदका लागि रू. ५००।- कार्यालय सहयोगी पदका लागि रू. ४००।- यस कार्यालयको राजश्व शाखामा बुझाएको रसिद संलग्न गर्नु पर्ने ।

मोतिराम खरेल
प्रमुख प्रशासकिय अधिकृत

७) काम गर्नु पर्ने समयावधीः तथ्याङ्क संकलकको लागि २ महिना र अन्य पदको हकमा बढीमा ६ महिना सम्म (आवश्यक्ता अनुसार म्याद थप गर्न सकिने छ ।

८) परीक्षाको किसिमः शैक्षिक योग्यता र अनुभवको आन्तरिक मुल्यांकन र अन्तरर्वाता ।

९) काम गर्नु पर्ने स्थानः खजुरा गाउँपालिका कार्यालय र अन्तर्गतका वडाहरू ।

१०) सेवा शर्त र सुविधाः आपसी समझदारीबाट तय गरिने छ ।

११) परिक्षा मितिः पछि तोकिने छ ।

२०७८।३।३

(प्रमुख प्रशासकिय अधिकृत)